बिदुर,
नुवाकोट, नेपाल
फोन नं.०१०-५६०२८५
E-mail:-info.dcnuwakot@supremecourt.gov.np

।।श्री।।

# नुवाकोट जिल्ला अदालत

(प्रशासन शाखा)

प.सं. ०८०।०८१

मितिः २०८१।०१।०४

सूचना! सूचना !! सूचना !!!

**विषयः- बालमनोविज्ञ, बाल बिशेषज्ञ तथा समाजसेवीको लागि नाम अद्यावधिक तथा सूचीकृत हुने सम्वन्धमा ।**

यस अदालतको बाल इजलासमा तपसीलमा उल्लेखित विशेषज्ञको रुपमा काम गर्न ईच्छुक उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ तथा बाल न्याय सम्पादन नियमावली, २०७६ को नियम १३, १४ र १५ समेतको अधिनमा रही बालमनोविज्ञ, बाल बिशेषज्ञ तथा समाजसेवीको लागि नाम अद्यावधिक तथा सूचीकृत हुनको लागि यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस अदालतमा आवेदन दिनुहुन सूचित गरिन्छ ।

- **बालमनोविज्ञ वा बाल बिशेषज्ञः-**

  १. मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा,

  २. मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै बियषमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञान सम्वन्धमा कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको, र

  ३. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

- **समाजसेवीः-**

  १. मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा,

  २. मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बालअधिकार वा समाजसेवाका सम्वन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको, र

  ३. फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

  ४. समाजसेवी, बालमनोविज्ञ वा बाल बिशेषज्ञको पदावधि ४(चार) बर्षको हुनेछ।

- **निवेदनसाथ अनिवार्यरुपमा पेश गर्नुपर्ने कागजहरुः-**

  १. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम बालमनोविज्ञ, बाल बिशेषज्ञ तथा समाजसेवीको रुपमा सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि ।

  २. आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपीहरु ।

  ३.नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

- **छनौट विधिः-** अन्तरवार्ता (अनुभवी तथा यस जिल्लामा बसोबास रहेका व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।
- **सम्पर्क मितिः-** २०८१/०२/०६ गते कार्यालय समय भित्र ।

**नोटः- यस सम्वन्धी थप जानकारी आवश्यक परेमा यस अदालतको प्रशासन शाखाको सम्पर्क नं. ९८५१३१०२८५ तथा ०१०-५६०२८५ मा सम्पर्क गर्नुहोला अर्थात निवेदन दर्ता गराउन प्रशासन शाखामा सम्पर्क गर्नुहोला।**